# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ६७ ग. र ६७ घ. बमोजिम बनाइबक्सेको "अख्तियार दुरूपयोग निवारण नियमावली, २०३४" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### अख्तियार दुरूपयोग निवारण आयोगको काम, कर्तव्य, अधिकार र मुद्दा हेर्ने कार्यविधिको व्यवस्था गर्न बनेको नियमावली

प्रस्तावना : संवैधानिक अङ्ग, कानूनी निकाय तथा विभिन्न सरकारी वा सार्वजनिक कार्यालय र संगठित संस्थाहरू बीचको पारस्परिक वा अन्योन्याश्रित सुसम्बन्ध, नियन्त्रण, समन्वय र सन्तुलन कायम गरी तिनीहरूमा जुन जुन उद्देश्यको लागि प्राप्त अख्तियार हो तत् तत् उद्देश्यमा ईमानदारीपूर्वक अख्तियारको सदुपयोग गराउन र आ-आफ्नो काम र जिम्मेवारीलाई क्रयात्मक रूपमा स्वचालित गर्ने दिशामा आकर्षित, लक्षित र केन्द्रित गर्न, र

अख्तियार प्राप्त सबै क्षेत्र र व्यक्तिमा बेला बेलामा देखा पर्न सक्ने, आर्थिक, सामाजिक, राजनीतिक, मनोवैज्ञानिक वा अन्य असंगति तथा अख्तियारको दुरूपयोगबाट देश र देशवासीलाई पर्न सक्ने क्षति र पीर मर्का हटाउन अख्तियार दुरूपयोग निवारण आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ६७ ग. र ६७ घ. बमोजिम देहायका नियमहरू बनाइबक्सेको छः–

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यी नियमहरूको नाम "अख्तियार दुरुपयोग निवारण नियमावली, २०३४" रहेको छ।

(२) यो नियमावलीको विस्तार नेपाल अधिराज्यभर हुनेछ र जहाँसुकै रहे बसेको भए तापनि सबै नेपाली नागरिकलाई लागू हुनेछ।

(३) यो नियमावलीको नियम ३ को खण्ड (ख) र (ङ) तथा नियम ५ र ८ तोकिएको मितिदेखि र अरू नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा ६७ ग. बमोजिम गठित अख्तियार दुरूपयोग निवारण आयोग सम्झनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२६०

(ख) "आयुक्त" भन्नाले आयोगको प्रमुख आयुक्तलाई समेत सम्झनुपर्छ ।

(ग) "अख्तियार" भन्नाले नेपालको संविधान, श्री ५ बाट नेपालको संविधान वा अन्य कानूनबमोजिम बक्सेको मार्ग प्रदर्शन वा निर्देशन वा अन्य प्रचलित कानून वा आदेश वा निर्धारित सरकारी नीतिबमोजिम कुनै पनि व्यक्ति, पदाधिकारी वा निकायले प्रयोग गर्न पाउने अधिकारलाई सम्झनुपर्छ र कुनै पनि व्यक्ति, पदाधिकारी वा निकायलाई कुनै दायित्व प्रदान गरिएको रहेछ भने सो शब्दले त्यस्तो दायित्वलाई समेत जनाउँछ ।

(घ) "अख्तियार प्राप्त व्यक्ति" भन्नाले खण्ड (ग) बमोजिम अख्तियार प्राप्त व्यक्ति, पदाधिकारी वा निकाय सम्झनुपर्छ र सो शब्दले त्यस्तो अख्तियार प्राप्त नेपाली नागरिक वा गैर नेपाली नागरिकलाई समेत जनाउँछ ।

(ङ) "संगठित संस्था" भन्नाले श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको वा श्री ५ को सरकारको नियन्त्रण भएको संगठित संस्था वा त्यस्तो संस्थाको नियन्त्रणमा रहेको संगठित संस्था सम्झनु पर्दछ र सो शब्दले सार्वजनिक उपयोग वा सेवाको उद्देश्यले गठित संगठित संस्थालाई समेत जनाउँछ ।

(च) "संवैधानिक अङ्ग" भन्नाले मन्त्रिपरिषद्, सर्वोच्च अदालत, राष्ट्रिय पञ्चायत, राजसभा, गाउँफर्क राष्ट्रिय अभियान, अख्तियार दुरूपयोग निवारण आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, महान्यायाधिवक्ता, शाही नेपाली राजदूत र विशेष प्रतिनिधि, प्रधान सेनापति तथा अञ्चलाधीशलाई सम्झनुपर्छ ।

(छ) "कानूनी निकाय" भन्नाले संवैधानिक अङ्ग बाहेक संविधान, प्रचलित कानून र नियमबमोजिम श्री ५ बाट नियुक्त, मनोनीत वा तोकिबक्सेको कुनै पदाधिकारी सम्झनुपर्छ ।

(ज) "विभागीय प्रमुख" भन्नाले श्री ५ को सरकार तथा संगठित संस्थाका कर्मचारीहरूको सेवा शर्तसम्बन्धी प्रचलित कानूनबमोजिम विभागीय प्रमुख भनी तोकिएको पदाधिकारी सम्झनुपर्छ ।

तर संगठित संस्थाको कर्मचारीहरूको सेवा शर्तसम्बन्धी कानूनमा विभागीय प्रमुख भनी नतोकिएको अवस्थामा यस नियमावलीको प्रयोजनको लागि श्री ५ को सरकारले समय समयमा त्यस्तो संगठित संस्थाको सम्बन्धमा विभागीय प्रमुख भनी तोकिदिएको पदाधिकारीलाईसमेत जनाउनेछ ।

(झ) "छानविन अधिकृत" भन्नाले आयुक्तलाई सम्झनुपर्छ र सो शब्दले यो नियमावलीअन्तर्गत अख्तियार दुरूपयोगको छानविन, अनुसन्धान तथा तहकीकातको काममा आयोग वा आयुक्तले खटाएको, लगाएको वा तोकेको व्यक्तिलाई समेत जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
326

(ञ) "सार्वजनिक कार्यालय" भन्नाले सरकारी कार्यालय बाहेक जनसाधारणलाई सरोकार पर्ने वा सार्वजनिक उपयोग वा सेवासम्बन्धी कार्यालय सम्झनु-पर्छ ।

परिच्छेद–२

अख्तियार दुरुपयोग

३. अख्तियार दुरुपयोग गरेको मानिने : नियम ४ , ५, ६ ७ र ८ को अधीनमा रही अख्तियार प्राप्त व्यक्तिले देहायको कुनै काम गरेमा अख्तियार दुरूपयोग गरेको मानिनेछः–

(क) अनुचित कार्य गरेको,

(ख) राष्ट्रिय वा सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेको;

(ग) भ्रष्टाचार गरेको,

(घ) व्यक्तिगत वा संयुक्त अन्तिम उत्तरदायित्व वहन नगरेको, वा

(ङ) राष्ट्रिय हित वा मर्यादा विपरीत कार्य गरेको ।

४. अनुचित कार्य : अख्तियार प्राप्त व्यक्तिले देहायको कुनै काम गरेमा अनुचित कार्य गरेको मानिनेछः–

(१) आफ्नो स्पष्ट अधिकार क्षेत्रभित्रको कुरा हेर्न वा गर्न इन्कार गरेको वा आफ्नो अधिकार क्षेत्रभित्र नभएको कुरा स्पष्ट छँदाछँदै त्यस्तो कुरा हेरेको वा गरेको,

(२) निर्णय वा आदेश गर्दा सम्बन्धित कानून वा भइरहेको आदेशबमोजिम वाध्यात्मक रूपले अपनाउनु पर्ने कार्यविधि नअपनाएको,

(३) कुनै प्रचलित कानून वा भइरहेको आदेशले कुनै कार्य वा उद्देश्य कार्यान्वित गर्न प्रदान गरेको अधिकारलाई सो कानून वा आदेश विपरीत अर्कै कार्य वा उद्देश्यमा प्रयोग गरेको,

(४) कुनै प्रचलित कानून वा भइरहेको आदेशबमोजिम अधिकार प्रयोग गर्दा त्यस्तो कानून वा आदेश स्वयं स्पष्ट छँदाछँदै सो कानून वा आदेशको उद्देश्य विपरीत अर्थ लगाई काम कारवाई गरेको,

(५) आफूले पाएको स्वविवेक वा तजविजी अधिकार जुन उद्देश्यको लागि प्रदान गरिएको हो सो उद्देश्य विपरीत वदनियत वा पक्षपात वा स्वेच्छाचारी रूपमा प्रयोग गरेको,

(६) आफूभन्दा तल्लो वा माथिल्लो तह वा अरू कुनै कार्यालयमा हस्तक्षेप गरी अनाधिकार बाधा उत्पन्न गरेको,

तर–

(१) आफूभन्दा तल्लो तहको कर्मचारी वा कार्यालयबाट भइरहेको वा हुन लागेको अनाधिकार वा वदनियत काम कुरालाई रोक्न वा हटाउन सम्बन्धित पदाधिकारी वा व्यक्तिले असल नियतबाट गरेको कारवाईलाई हस्तक्षेप गरेको मानिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कार्य सम्पादनको सिलसिलामा आफ्नो तहबाट वा कार्यालयको राय व्यक्त गर्दा असल नियतले व्यक्त गरिएको रायलाई हस्तक्षेप वा बाधा गरेको मानिने छैन ।

(७) आफूले गर्नुपर्ने कार्यलाई आफूले फछ्यौंट नगरी माथिल्लो वा तल्लो तहमा पुऱ्याई वा पठाई जिम्मेवारी पन्छाएको वा टण्टा लगाएको वा अन्यत्र कार्यालयमा पन्छाई वा पठाई अलमल पारेको;

तर असल नियतले बुझ्नु पर्ने सम्बद्ध कुरा बुझ्न स्पष्ट कारण खोली गरिने कुरालाई पन्छाएको वा टण्टा लगाएको वा अलमल पारेको मानिने छैन ।

(८) तत्काल प्रचलित कानून वा भइरहेको आदेश वा निर्धारित सरकारी नीतिको उद्देश्य विपरीत वस्तुतः त्रुटि गरेको, वा

तर–

(१) त्यस्तो त्रुटिबाट कुनै किसिमको क्षति वा नोक्सानी नभएमा त्यस्तो त्रुटिलाई अनुचित कार्य मानिने छैन ।

(२) आयोगले त्यस्तो त्रुटिमा ध्यान आकर्षित गरी त्यसको अभिलेख राख्न लगाउन सक्नेछ ।

(९) वदनियत, पक्षपात, मोलाहिजा वा लापरवाही गरेको वा अत्तो थापी कार्य गरेको ।

५. राष्ट्रिय वा सार्वजनिक सम्पत्तिको हानी नोक्सानी: अख्तियार प्राप्त व्यक्तिले प्रचलित कानूनबमोजिम राष्ट्रिय वा सार्वजनिक सम्पत्तिको वदनियतसाथ हानी नोक्सानी गरेको मानिने कुनै काम गरेमा यस नियमावलीबमोजिम राष्ट्रिय वा सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेको मानिनेछ ।

६. भ्रष्टाचार: अख्तियार प्राप्त व्यक्तिले प्रचलित कानूनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेमा यस नियमावलीबमोजिम भ्रष्टाचार गरेको मानिनेछ ।

७. व्यक्तिगत वा संयुक्त अन्तिम उत्तरदायित्वको वहन: संवैधानिक अङ्ग, कानूनी निकाय वा सरकारी वा सार्वजनिक कार्यालय वा संगठित संस्थाको प्रमुख वा कार्यालय प्रमुखको रूपमा रहेको अख्तियार प्राप्त व्यक्तिले प्राप्त साधन अनुसार त्यस्तो अङ्ग, निकाय, कार्यालय वा संस्थाको व्यवस्था, प्रशासन र कार्यान्वयनसम्बन्धी विषयमा आफूले राम्रोसंग गर्नुपर्ने काम समयमै नगरेमा त्यस्तो अख्तियार प्राप्त व्यक्तिले सो अङ्ग, निकाय, कार्यालय वा संस्थाको व्यक्तिगत अन्तिम उत्तरदायित्व वहन नगरेको मानिनेछ र त्यस्तो अख्तियार प्राप्त व्यक्तिले गर्नुपर्ने कार्य एक भन्दा बढी अङ्ग, निकाय, कार्यालय वा संस्थासित सम्बन्धित भएमा त्यस्तो सम्बन्धित अङ्ग, निकाय, कार्यालय वा संस्थाको प्रमुख वा कार्यालय प्रमुखको रूपमा रहेको अख्तियार प्राप्त व्यक्तिले सो कार्यलाई समयमै पूरा नगरेमा आ-आफ्नो अङ्ग, निकाय, कार्यालय वा संस्थाको संयुक्त अन्तिम उत्तरदायित्व वहन नगरेको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. राष्ट्रिय हित वा मर्यादा विपरीतको कार्य : संवैधानिक अङ्ग, कानूनी निकाय, सरकारी वा सार्वजनिक कार्यालय वा संगठित संस्थाको कुनै ओहदामा रहेका अख्तियार प्राप्त व्यक्तिले वा कुनै बखत त्यस्तो ओहदामा अख्तियार प्राप्त व्यक्ति भई रहिसकेको व्यक्तिले सो ओहदामा छँदा देहायको कुनै काम गरेमा वा गरेकोमा राष्ट्रिय हित वा मर्यादा विपरीत कार्य गरेको मानिनेछः–

(१) आफ्नो ओहदाको कार्य सम्पादनको सिलसिलामा वा आफ्नो ओहदाको आडमा राष्ट्र वा श्री ५ वा श्री ५ को उत्तराधिकारीको हित वा मर्यादा विपरीत विश्वासघात गरेको,

(२) आफ्नो ओहदाको कार्य सम्पादनको सिलसिलामा वा आफ्नो ओहदाको आड दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको हित वा मर्यादा विपरीत विश्वासघात गरेको,

(३) श्री ५ बाट नेपालको संविधान वा प्रचलित कानूनबमोजिम नेपाल र नेपालीको हितका लागि समय समयमा बक्सेको मार्ग प्रदर्शन वा निर्देशनको विपरीत कार्य गरेको,

(४) राष्ट्रिय वा अन्तर्राष्ट्रिय विषय वा परराष्ट्रसम्बन्धी मामिलामा आधिकारिक रूपमा निर्णय दिनुपर्ने वा कुनै कुरा घोषित गर्नुपर्ने कर्तव्य भएकोमा राष्ट्र वा श्री ५ वा श्री ५ को उत्तराधिकारीको हित वा मर्यादा विपरीत झुठो कुरा निर्णय गरेको वा घोषणा गरेको;

(५) राष्ट्रिय वा अन्तरराष्ट्रिय विषय वा परराष्ट्रसम्बन्धी मामिलामा आधिकारिक रुपमा निर्णय दिनुपर्ने वा कुनै कुरा घोषित गर्नुपर्ने कर्तव्य भएकोमा दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको हित वा मर्यादा विपरीत झुठो कुरा निर्णय गरेको वा घोषणा गरेको,

(६) नेपाली नागरिकलाई देशभक्ति वा राजभक्तिबाट विचलित गराएको,

(७) नेपाली नागरिकलाई दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणाली प्रतिको आस्था वा कर्तव्यबाट विचलित गराएको,

(८) नेपाल अधिराज्य विरूद्ध आक्रमण गर्ने वा हातहतियार उठाउने वा त्यस् कुचेष्टा गर्ने व्यक्ति, समूह, संस्था वा विदेशी सरकारसित मिलोमतो गरेको वा आफ्नो मुलुकको गोप्यभेद दिएको वा त्यस्तो व्यक्ति, समूह, संस्था वा विदेशी सरकारको उद्देश्य पूरा गर्न मद्दत हुने वा सजिलो पार्ने कार्य गरेको,

(९) प्रचलित कानूनबमोजिम स्थापित कुनै अङ्गलाई आफ्नो जिम्मेवारी पूरा गर्न खोज्दा असफल पार्ने कार्य गरेको,

(१०) राष्ट्र वा श्री ५ वा श्री ५ को उत्तराधिकारीको हित वा मर्यादा विपरीत हुने कुनै झुठो खबर फिंजाई आतंक फैलाएको,

(११) दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको हित वा मर्यादा विपरीत हुने कुनै झुठो खबर फिंजाई आतंक फैलाएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६०

(१२) संकटकालीन, कठिन परिस्थिति वा त्यस्तै अन्य जरूरी अवस्थामा आफूले बढी दत्तचित्त भई पालन गर्नुपर्ने कर्तव्य पालनमा लापरबाही गरेको वा कर्तव्यबाट च्यूत भएको वा विना अनुमति पद छोडेको,

(१३) कुटनैतिक वा सरकारी वा आफ्नो संस्थाको प्रतिनिधित्व गर्दा वा आफ्नो ओहदाको हैसियतले कुनै लिखत तयार गर्दा, दस्तखत गर्दा वा निर्णय गर्दा झुठो कुरा हो भनी विश्वास गर्न सकिने मनासिब कारण हुँदा हुँदै त्यस्तो झुठो कुरामा निर्णय, दस्तखत वा लिखत तयार गरेको,

(१४) आफूले सुरक्षित राख्नुपर्ने वा चाहिएको बखत पेश गर्नुपर्ने वा बुझाउनु पर्ने वा कार्यालयमा राख्नुपर्ने कुनै लिखत सुरक्षित नगरेको वा दबाएको, बिगारेको वा किर्ते गरेको,

(१५) आफ्नो पदीय शपथ भङ्ग गरेको, वा

(१६) माथि खण्डहरूमा उल्लिखित कामहरू गर्न उद्योग गरेको, षड्यन्त्र गरेको वा सो गर्न कसैलाई प्रेरित वा प्रोत्साहित गरेको वा विवश तुल्याएको ।

## परिच्छेद–३

## आयोगको कर्तव्य

६. आयोगको कर्तव्य : आयोगले आफ्नो अधिकार प्रयोग गरी काम कारवाई गर्दा देहायका कुराहरूमा ध्यान दिनु आयोगको कर्तव्य हुनेछः–

(क) सम्पूर्ण सरकारी वा सार्वजनिक अङ्ग वा अख्तियार प्राप्त व्यक्तिमाथि जुन जुन उद्देश्यको निमित्त प्राप्त अख्तियार हो तत् तत् उद्देश्यमा सदुपयोग गराई व्यापक निगरानी राख्ने दीर्घकालीन लक्ष्य अनुसार आफूलाई सक्षम तुल्याउँदै अवस्था र आवश्यकतानुसार क्रमशः कुनै वा सबै क्षेत्रमा ध्यान केन्द्रित गर्न विभिन्न चरणमा कार्य गर्दै जाने सकारात्मक नीति आयोगले अपनाउनु पर्नेछ ।

(ख) विभिन्न संवैधानिक अङ्ग, कानूनी निकाय, सरकारी वा सार्वजनिक कार्यालय वा संगठित संस्थाको पारस्परिक वा अन्योन्याश्रित सुसम्बन्ध, नियन्त्रण, समन्वय तथा सन्तुलन र ती अङ्ग, निकाय, कार्यालय वा संस्थाको आधारभूत उद्देश्य, प्रयोजन, अधिकार तथा कार्यक्षेत्रमा प्रतिकूल असर नपर्ने गरी तिनी-हरूको आ-आफ्नो क्षेत्रको काम र जिम्मेवारी पूरा गर्न सक्षम र बलियो पार्नेतर्फ विभिन्न उपाय र परिश्रमले क्रियात्मक रूपमा स्वचालित गराउन ती निकायहरूलाई आकर्षित, लक्षित र केन्द्रित गर्ने सचेतक र परामर्शदाताको रूपमा आयोगले विशेष प्रयत्न गर्ने र बेला बेलामा श्री ५ का हजूरमा समेत स्पष्ट परामर्श चढाउनु पर्नेछ ।

(ग) आफ्नो कार्य सम्पादनको सिलसिलामा विभिन्न संवैधानिक अङ्ग, कानूनी निकाय, सरकारी वा सार्वजनिक कार्यालय वा संगठित संस्थाको विकल्पको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रूपमा आयोगले काम गर्ने नभई अख्तियार दुरूपयोग भएकोमा सच्याउन र अख्तियार सदुपयोग गराउन बेलैमा अवस्था र आवश्यकतानुसार अख्तियार सदुपयोग गर्नेलाई पुरस्कृत हुन सक्ने स्वच्छ वातावरण तथा मौका प्रदान गर्नु र अख्तियार दुरूपयोग गरेमा त्यसको प्रकृति, परिणाम र गाँभियंता हेरी सचेतक र परामर्शदाताको रूपमा यस नियमावलीबमोजिम सुधारात्मक वा अन्य आवश्यक कारवाई वा कदम चाल्नु पर्नेछ।

(घ) सरकारी, सार्वजनिक वा संगठित संस्थाहरूमा जन-साधारणलाई सरोकार पर्ने प्रशासनिक, न्यायिक र विकास कार्यहरूमा ढिला सुस्ति, पक्षपात, लापरवाही, मोलाहिजा, तजविजी अधिकारको स्वेच्छाचारी प्रयोग भई वा विभागीय वा कार्यालय प्रमुख वा अन्य अख्तियार प्राप्त व्यक्तिले बेलैमा पुऱ्याउनु पर्ने आवश्यक प्रवन्ध नपुऱ्याई पर्न आउने जनताको पीर मर्का र विकास कार्यको अवरोधहरूबाट श्री ५ को सरकारप्रति प्रतिकूल मनोभावना हुन जाने जस्ता कुराहरू समयमै नियन्त्रण गर्न त्यस्तो पीर मर्का फुकाई विकास प्रक्रयालाई क्रयात्मक रूपमा स्वचालित तुल्याउने दिशातर्फ सुधार ल्याउन आयोगले विशेष कार्यकुशलतासाथ गर्नु पर्नेछ। त्यसको लागि आयोगले अवस्था र आवश्यकतानुसार परामर्श दिन वा सचेत गराउन वा आफ्नो असाधारण अधिकार क्षेत्र समेत प्रयोग गर्न सक्नेछ।

(ङ) अख्तियार दुरूपयोगको छानविन र अनुसन्धानको सिलसिलामा आफूले देखेका विभिन्न क्षेत्रको प्रशासकीय परिपाटी र कार्य प्रणालीको त्रुटिबाट उत्पन्न भएका समस्याको निराकरणका लागि स्पष्ट उपाय र परामर्श आयोगले आफ्नो वार्षिक प्रतिवेदनमा समेत दृढताकासाथ उल्लेख गर्नु पर्नेछ।

(च) निर्दोषीले हैरानी भोग्नु नपर्ने, दोषीलाई सजाय र उत्तम काम गर्नेलाई प्रोत्साहित हुन सक्ने गरी ठाउँमै पर्ने गरी कार्य गर्नमा विशेष व्यावहारिकता अपनाई अख्तियार दुरूपयोग हुने दृश्य-अदृश्य स्थान र विन्दुहरूको सुक्ष्म सकारात्मक विश्लेषण र अनुसन्धान गरी भविष्यमा अपनाउनु पर्ने निवारक कार्यक्रम वा कदमहरू पनि आयोगले वार्षिक प्रतिवेदनमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(छ) सरकारी, सार्वजनिक र संगठित संस्थाहरूमा अख्तियारको सदुपयोग गराई आर्थिक अनुशासन र जिम्मेवारी कायम राख्न आन्तरिक लेखा र लेखा परीक्षणका बीच सुसम्बन्ध कायम गराई बेरूजु निवारण गर्नेतर्फ विशेष योगदानकासाथ यथाशक्य सचेतक र परामर्शदाताको रूपमा आयोगले कार्य सम्पन्न गर्ने प्रयत्न गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) अख्तियार सदुपयोग गराउने सिलसिलामा कुनै पनि संवैधानिक अङ्ग वा कानूनी निकाय वा सरकारी वा सार्वजनिक कार्यालयको आ-आफ्नो क्षेत्रभित्र अख्तियार सदुपयोग वा दुरूपयोग कस्तो भएको छ नियमित खुलस्त छलफल सम्बन्धित क्षेत्रकै नेतृत्वमा क्रमशः वस्तुगत रूपमा चर्चा, आलोचना, समालोचना र आत्म आलोचना गरी मूल्याङ्कन गराउने सकारात्मक प्रक्रया र कार्य प्रणालीको विकास गर्नेतर्फ आयोगले आवश्यक परामर्श दिन सक्नेछ ।

(झ) अख्तियार दुरूपयोग बारे कारवाई प्रारम्भ गर्दा कुनै अख्तियार प्राप्त व्यक्तिले अख्तियार दुरूपयोग गरेको कुरा छानविन र अनुसन्धान गर्ने निश्चयमा पुगिसकेपछि छानविन र अनुसन्धान गर्दा र गरी रहँदा निज अख्तियार दुरूपयोगको आरोपमा पक्का दोषी हो भन्ने निश्चयमा पुग्न सकिने तथ्य वा परिवन्द प्राप्त नभएसम्म सो अनुसन्धानको कुरा यथाशक्य गोप्य राख्नु पर्नेछ र आफू निश्चयमा पुगिसकेपछि मात्र पक्रने, थुन्ने, जमानतमा छोड्ने, खानतलासी गर्ने जस्ता कार्य प्रणाली यथाशक्य अपनाउने प्रयास गर्नु पर्नेछ ।

तर भागी जाने, प्रमाण नष्ट हुने वा यस्तै अन्य आधारभूत कारणबाट तत्कालै कारवाई गर्नुपर्ने अवस्था परेमा आयोगलाई यो खण्डले बाधा पुऱ्याएको मानिने छैन ।

(ञ) अख्तियार दुरूपयोगको छानविन र अनुसन्धानको सिलसिलामा कुनै कार्यालय-बाट कुनै कागजात झिकाउनु पर्दा वा आयोगमा अख्तियार प्राप्त व्यक्तिलाई उपस्थित गराउनु पर्दा भरसक त्यस्तो कार्यालयको काम कारवाईमा बाधा अवरोध नपर्ने गरी कागजात झिकाउने, फिर्ता गर्ने आफूकहाँ राख्ने वा यथाशक्य सक्कलै नहेरी नहुनेमा बाहेक प्रमाणित नक्कल कागजातबाट काम चलाउने र लिखित वा मौखिक बुझ्न सकिनेमा यथाशक्य सोहीबमोजिम र उपस्थित नगराई नहुनेमा समेत अख्तियार प्राप्त व्यक्तिलाई नअलमल्याउने गरी स्वच्छ र छिटो छरितो कार्य प्रणालीको परिपाटी बसाल्नेतर्फ आयोगले विशेष ध्यान र जोड दिनु पर्नेछ ।

(ट) कुनै संवैधानिक अङ्ग वा कानूनी निकायका पदाधिकारी वा विभागीय प्रमुख उपर अख्तियार दुरूपयोग भएको सम्बन्धमा जन-साधारणमा अविश्वास वा आक्रोशको भावना फैलिएको देखिएमा आयोगले त्यसको तथ्यपूर्ण कारण पत्ता लगाई बेलैमा श्री ५ का हजूरमा जाहेर गर्नु पर्नेछ ।

## परिच्छेद–४

## आयोगको अधिकार

१०. आयोगको साधारण अधिकार क्षेत्र : संवैधानिक अङ्ग, कानूनी निकाय, मन्त्रालय र विभाग लगायत सरकारी वा सार्वजनिक कार्यालय वा संगठित संस्थाको प्रमुखदेखि घटीमा विभागीय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमुख र सो सरहसम्मको अख्तियार प्राप्त व्यक्तिले नियम ३ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम अख्तियार दुरूपयोग गरेमा त्यस्तो अख्तियार प्राप्त व्यक्ति र सो दुरूपयोगमा मुछिएका गैर सरकारी व्यक्ति उपर समेत त्यसको छानविन गरी कारवाई गर्ने सामान्य अधिकार आयोगलाई हुनेछ ।

तर यसरी साधारण अधिकार प्रयोग गर्दा मुछिन आउने कुनै पनि तहका अख्तियार प्राप्त वा गैर सरकारी व्यक्ति उपर कारवाई गर्न यो नियममा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

११. आयोगको असाधारण अधिकार क्षेत्र : (१) आयोगले नियम ६ बमोजिम आफ्नो कर्तव्य पालनको सिलसिलामा वा अवस्था र आवश्यकतानुसार बेला मौकामा अख्तियार सदुपयोग गराई अनुशासन कायम राख्न अख्तियार प्राप्त व्यक्तिले नियम ३ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम अख्तियार दुरूपयोग गरेमा नियम १० मा व्यवस्था गरिएका अधिकारक्षेत्रका अतिरिक्त विभागीय प्रमुख वा सो सरहभन्दा मुनिका कुनै तहका अख्तियार प्राप्त व्यक्ति र सो दुरूपयोगमा मुछिएका गैर सरकारी व्यक्ति उपर समेत छानविन गरी उदाहरण स्वरुप कारवाई गर्न सक्ने असाधारण अधिकार आयोगलाई हुनेछ ।

(२) नियम ३ को खण्ड (ङ) बमोजिम अख्तियारको दुरूपयोग नियम ८ अनुसार संवैधानिक अङ्ग, कानूनी निकाय, सरकारी वा सार्वजनिक कार्यालय वा संगठित संस्थाको कुनै ओहदामा रहेको अख्तियार प्राप्त व्यक्तिले वा कुनै बखत त्यस्तो ओहदामा अख्तियार प्राप्त व्यक्ति भई रहिसकेको व्यक्तिले सो ओहदामा छँदा गरेमा वा गरेकोमा र सो दुरूपयोगमा मुछिएको गैर सरकारी व्यक्ति उपर समेत त्यसको छानविन गरी कारवाई गर्ने असाधारण अधिकार आयोगलाई हुनेछ ।

(३) अदालतमा दायर रहेका भ्रष्टाचारसम्बन्धी मुद्दा बाहेक प्रचलित कानून बमोजिम भ्रष्टाचारमा कारवाई गर्ने अधिकार प्राप्त भई कारवाई भइरहेको कुनै पनि छानविन, अनुसन्धान, तहकीकात वा अन्य कारवाई जुनसुकै अवस्थामा पुगेको र जुनसुकै अधिकारी-समक्ष भए पनि आयोगमा परेको उजूरी वा प्राप्त सूचना अनुसार धाँधली भएको छ भन्ने कुरामा आयोगले निश्चय गरेमा र त्यस्तो छानविन र मुद्दाको प्रकृति र परिणामको गाम्भिर्यता-लाई समेत हेरी आयोगले सम्बन्धित अधिकारीलाई अवस्था र आवश्यकतानुसार सचेत गर्न वा आफैले झिकी हेरी आवश्यक कारवाई गरी सम्बन्धित अधिकारीलाई बाँकी कार्य टुंग्याउन फिर्ता गर्न वा आफैले हेरी निर्णय गर्न समेत सक्नेछ ।

१२. आयोग, विशेष प्रहरी विभाग र अन्य अधिकारीको सम्बन्ध : विभागीय प्रमुख वा सो सरह भन्दा मुनिका अख्तियार प्राप्त व्यक्तिले भ्रष्टाचार वा राष्ट्रिय वा सार्वजनिक सम्पत्तिको वदनियतसाथ हानी नोक्सानी गरी अख्तियार दुरूपयोग गरेमा प्रचलित कानूनबमोजिम विशेष प्रहरी विभाग र अन्य अधिकारीले आफ्नो अधिकार क्षेत्रभित्र रही स्वतन्त्र रूपमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छानविन गरी कारवाई गर्न यस नियमावलीमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

तर–

(१) आयोगले नियम १० बमोजिम साधारण वा ११ को उप-नियम (१) र (३) बमोजिम असाधारण अधिकार क्षेत्र प्रयोग गरी कारवाई गरेको अवस्थामा भने सो हदसम्म आयोगकै अधिकार क्षेत्र कायम हुनेछ ।

(२) विशेष प्रहरी विभागले आफ्नो अधिकार प्रयोग गरी अनुसन्धानको कारवाई चलाएकोमा आयोगको अधिकार क्षेत्रभित्र पर्ने विषय देखिन आएमा सो विषय आयोगमा पठाई दिनु पर्दछ ।

१३. <u>कुनै व्यक्ति कार्यालय वा अधिकारीद्वारा कारवाई गराउन सक्ने</u> : (१) यस नियमावलीको अधीनमा रही विभागीय प्रमुख वा सो सरहभन्दा मुनिका अख्तियार प्राप्त व्यक्तिले नियम ३ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम अख्तियार दुरूपयोग गरेकोमा आयोगले कुनै व्यक्ति वा कार्यालयलाई अधिकार सुम्पी छानविन र कारवाई गराउन वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सरकारी सेवामा वहाल रहेको कुनै पदाधिकारीलाई तोकी अख्तियार दुरूपयोगसम्बन्धी मुद्दा हेरी कारवाई र किनारा गराउन लगाउन सक्नेछ ।

(२) नियम ३ को को खण्ड (ङ) र नियम ८ बमोजिमको अख्तियार दुरूपयोगको विषयमा पनि आयोगले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सरकारी सेवामा बहाल रहेको क्षेत्रीय अदालतका न्यायाधीशलाई तोकी मुद्दाको कारवाई र किनारा गराउन लगाउन सक्नेछ ।

तर उप-नियम (१) र (२) बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आयोगले तोकेको सरकारी सेवामा बहाल रहेको पदाधिकारीले मुद्दाको कारवाई र किनारा यसै नियमावलीबमोजिम गर्नु पर्नेछ र त्यस्तो पदाधिकारी र निजको निर्णयलाई आयोगकै आयुक्त र निर्णय सरह मानिनेछ ।

१४. <u>आयोगलाई अधिकार नहुने</u> : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अख्तियार प्राप्त व्यक्तिले आफ्नो अधिकार क्षेत्रभित्र स्वतन्त्रतापूर्वक निर्णय गर्न पाउने आफ्नो अख्तियार प्रयोग गरी कुनै काम कारवाई गर्दा त्यसमा बुद्धि पुगेको छ छैन भनी औचित्यताभित्र पसी त्यसको मूल्याङ्कन वा छानविन गरी कारवाई गर्ने अधिकार आयोगलाई हुने छैन ।

तर कार्य सम्पादन गर्दा स्पष्ट वदनियत रहेको प्रमाण आयोगले भेटेमा सो कुरा हेरी कारवाई गर्न यस नियमले आयोगको अधिकारमा सीमित गरेको मानिने छैन ।

(२) नेपालको संविधान, प्रचलित कानून र तत्सम्बन्धी नियम अनुसार राष्ट्रिय पञ्चायतको विशेषाधिकार, अदालतहरूको फैसला तथा अन्तिम आदेश र सैनिक अदालतको अधिकार क्षेत्रको विषयमा हेरी कारवाई गर्ने अधिकार आयोगलाई हुने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. सचेत गराउन सक्ने : (१) अख्तियार प्राप्त व्यक्तिबाट आफ्नो काम सम्पादन गर्दा नियम ३ को खण्ड (क), (ख) र (घ) बमोजिम अख्तियार दुरूपयोग हुन लागेको वा भएको आयोगले देखेमा सो सच्याउन वा अख्तियार सदुपयोग गराउन मनासिव अवधि तोकी सम्बन्धित अख्तियार प्राप्त व्यक्तिलाई बेलैमा सचेत गराउन सक्नेछ।

(२) उप-नियम (१) बमोजिम सचेत गराउँदा पनि अख्तियार प्राप्त व्यक्तिले सो बमोजिम सच्याएन वा अख्तियार सदुपयोग गरेन वा सोबमोजिम गर्न नपर्ने मनासिव आधारभूत कारण दर्शाई सूचना गरेन भने आयोगले निज उपर निजको सेवा शर्तसम्बन्धी संवैधानिक, कानूनी वा विभागीय कारवाईका लागि नियम १९ को उप-नियम (२) बमोजिम प्रतिवेदन गर्न सक्नेछ।

१६. आयोगले परामर्श दिन सक्ने : (१) आयोगले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै संवैधानिक अंग, कानूनी निकाय, संगठित संस्था वा सरकारी वा सार्वजनिक कार्यालयमा नियम ३ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम अख्तियार दुरूपयोगसम्बन्धी कुनै विशेष समस्या देखेमा त्यसको समाधानको लागि आयोगले त्यस्तो अंग वा निकाय वा संस्था वा कार्यालयका प्रमुखसित छलफल गरी उचित कारवाई गर्न समेत आवश्यक परामर्श दिन सक्नेछ।

(२) उप-नियम (१) बमोजिम प्राप्त परामर्शबमोजिम नगरेमा वा सोबमोजिम गर्न नपर्ने आधारभूत कारण दर्शाई सूचना पनि नगर्ने त्यस्तो प्रमुख उपर आयोगले निजको सेवा शर्तसम्बन्धी संवैधानिक, कानूनी वा विभागीय कारवाईका लागि नियम १९ को उप-नियम (२) बमोजिम प्रतिवेदन गर्न सक्नेछ।

१७. आयोगले छानविन गर्ने तरीका : (१) आयोले अख्तियार दुरूपयोगको सम्बन्धमा देहाय-बमोजिम छानविन गर्ने तरीका अपनाउन सक्नेछः—

(क) समय समयमा आफूले वा अरू कुनै कार्यालय, निकाय वा व्यक्तिको माध्यम-बाट छानविन गर्ने,

(ख) कसैको उजूरी परी कारवाई गर्ने ठहरिएका विषयमा छानविन गर्ने,

(ग) आवश्यकतानुसार आयुक्त समेत भएको दौडाहाटोली गई छानविन गर्ने; वा

(घ) आफ्नो कर्तव्य पालनको सिलसिलामा सार्वजनिक चर्चामा उठेको सार्वजनिक अत्यन्त महत्वपूर्ण विषय भनी आयोगले ठहराएको विषयमा छानविन गर्ने।

(२) आयोगले उप-नियम (१) को खण्ड (ग) बमोजिम दौडाहाटोली खटाउँदा आवश्यक देखेमा न्यायपालिका, प्रहरी र सरोकारवाला कार्यालयका पदाधिकारी समेत-बाट आवश्यकतानुसार समावेश गरी खटाउन सक्नेछ।

(३) अख्तियार दुरूपयोगसम्बन्धी कसैको उजूरी पर्दैमा आयोगलाई कारवाई गर्न वाध्यता हुने छैन र आयोगले कारवाई गर्ने भनी ठहऱ्याएको जतिमा मात्र कारवाई हुनेछ। तर कारवाई नहुने जति उजूरीमा उजूरवालालाई आयोगले जनाउसम्म दिनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अख्तियार दुरूपयोग गरेको थाहा भएमा कुनै पनि व्यक्तिले सो सम्बन्धमा आयोगमा उजूरी दिन सक्नेछ ।

तर नियम ३ को खण्ड (क) र (घ) बमोजिम अख्तियार दुरूपयोग गरेकोमा मर्का पर्ने व्यक्तिलाई सो मर्का फुकाई पाउने उपचारको व्यवस्था प्रचलित कानूनलेनै स्पष्ट रूपमा गरेको रहेछ भने त्यस्तो कुरामा आयोगले त्यस्तो उजूरी लिई कारवाई गर्ने छैन ।

२२. उजूरी दिने तरीका : (१) नियम २१ बमोजिम उजूरी दिंदा त्यस्तो व्यक्तिले आफूसंग भएको वा आफूले देखे जानेको सबूद प्रमाण खुलाई आयोगले तोकेको ढाँचामा उजूरी दिनु पर्नेछ । मौखिक उजूरी दिएकोमा त्यस्तो व्यक्तिको उजूरी लिखित रूपमा लेखाई निजको सहिछाप गराई लिनु पर्नेछ ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिए तापनि उजूरवालाले आफ्नो नाम गोप्य राख्न चाहेमा सो कुरा उजूरीमै खुलाउनु पर्नेछ र आयोगले नियम ५१ बमोजिम हुनेमा बाहेक अरूमा उजूरवालाको नाम गोप्य राख्नु पर्दछ ।

२३. उजूरी नपरे पनि कारवाई गर्न सकिने : नियम २१ बमोजिम उजूरी नपरे तापनि आयोगले अन्य कुनै स्रोतबाट नियम ३ बमोजिम अख्तियार दुरूपयोग भएको कुरा थाहा पाएमा आयोगले यस नियमावलीबमोजिम कारवाई गर्न सक्नेछ ।

२४. अन्य कार्यालयमा उजूरी दिने : नियम २१ मा जुनसुकै कुरा लेखिएको भए तापनि थुनामा परेमा वा सार्वजनिक सुरक्षासम्बन्धी कानूनअन्तर्गत नजरबन्द रहेको कुनै व्यक्तिले नियम २१ बमोजिम अख्तियार दुरूपयोग भएको कुराको उजूरी गर्नु परेमा आफू थुनामा परेको वा नजरबन्द रहेको कार्यालयमा दिन सक्नेछ र त्यस्तो उजूरी आयोगमा पठाई दिनु उक्त कार्यालयको कर्तव्य हुनेछ ।

२५. तामेलीमा राख्ने : अख्तियार दुरूपयोग गरेको विषयको उजूरी कसैले दिएकोमा देहायको अवस्थामा त्यस्तो उजूरीमा कारवाई नहुने गरी तामेलीमा राख्ने अधिकार आयोगलाई हुनेछ:–

(क) उजूरी तथ्यरहित देखिएमा,

(ख) ठोस प्रमाण नभै खिचोला वा टंटा दिने किसिमको उजूरी देखिएमा,

(ग) साधारण समझ र मिजासका व्यक्तिले उजूर नगर्ने किसिमको मामूली अनुचित कार्यसम्बन्धी उजूरी गरेको देखिएमा,

(घ) अनुचित कार्य गरेको तीन महीनाभित्र थाहा भएको पैंतीस दिन नघाई उजूरी दिएको देखिएमा, वा

(ङ) आयोगको अधिकार क्षेत्रभित्र नपर्ने विषयको उजूरी देखिएमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. उजूरीको छानविन : नियम ३ बमोजिम अख्तियार दुरूपयोग गरेको आरोप छानविन गर्दा आरोपको प्रकृति हेरी देहायको कुनै वा सबै कारवाई गर्न सक्नेछ :—

(क) आरोप लागेको व्यक्ति वा अन्य सरोकारवाला व्यक्तिबाट आवश्यक कुरा बुझ्न वा स्पष्टीकरण वा बयान लिन,

(ख) आरोपसंग सम्बन्धित कागजात र सरसामान मगाउन,

(ग) थुनिएको व्यक्तिलाई आफूसमक्ष उपस्थित गराउन, वा

(घ) आवश्यक पर्ने सम्बन्धित कागजात र सरसामान आफ्नो जिम्मामा लिन ।

२७. जरीवाना गर्न सक्ने : नियम २६ बमोजिम कागजात नपठाउने वा मागेको स्पष्टीकरण नदिने वा उपस्थित हुन बोलाइएकोमा उपस्थित नहुने अख्तियार प्राप्त व्यक्ति वा अन्य व्यक्तिलाई आयोगले एक हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ र त्यस्तोमा उजूर वा पुनरावेदन लाग्ने छैन ।

तर आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा कुनै व्यक्ति उपस्थित हुन नसकेको वा स्पष्टीकरण दिन वा कागजात पठाउन नसकेको रहेछ भन्ने आयोगलाई लागेमा त्यस्तो जरीवाना नगर्न पनि सक्नेछ ।

## परिच्छेद–६

## अनुसन्धान र मौका तहकीकात

२८. अनुसन्धान, मौका तहकीकात वा सबूद प्रमाणको संकलन : (१) नियम ३ बमोजिम अख्तियार दुरूपयोग गरेकोमा त्यस्तो अख्तियार दुरूपयोगसम्बन्धी अनुसन्धान, मौका तहकीकात वा सबूद प्रमाणको संकलन छानविन अधिकृतले गर्नेछ ।

(२) अख्तियार प्राप्त व्यक्ति भागी जाने वा आफ्नो बिरूद्धको प्रमाण गायव गर्न सक्ने वा यस्तै अन्य संभावना देखेमा बाहेक अख्तियार दुरूपयोगको आरोपमा छानविन अधिकृतलाई निज पक्का दोषी हो भन्ने निश्चयमा पुग्न सकिने तथ्य वा परिवन्द प्राप्त नभएमा तत्सम्बन्धी अनुसन्धान यथाशक्य गोप्य रूपमा गरिनेछ ।

(३) नियम ३ को (ख), (ग) र (ङ) बमोजिमको अख्तियार दुरूपयोग छानविन अधिकृतको उपस्थितिमा हुन आएमा निजले त्यस्तो अख्तियार प्राप्त व्यक्तिलाई तत्काल गिरफ्तार गर्न र कारवाई गर्न सक्नेछ ।

२९. छानविन अधिकृतको अधिकार : (१) अनुसन्धान, मौका तहकीकात वा सबूद प्रमाण संकलन गर्दा नियम ३ को खण्ड (ख), (ग) र (ङ) बमोजिमको अख्तियार दुरूपयोगको आरोप लागेको र सो आरोपसँग मुछिएका व्यक्तिलाई गिरफ्तार गर्ने, हिरासतमा लिने, बयान लिने वा सरजमिन गर्न वा आरोपसँग सम्बन्धित कुनै व्यक्ति वा स्थानको खानतलासी गर्ने वा आरोपसँग सम्बन्धित कागजात वा सरसामान वा सम्पत्तिहरू आफ्नो कब्जामा लिने सम्बन्धमा छानविन अधिकृतलाई प्रचलित कानूनबमोजिम प्रहरीले पाए सरहको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३६८

सबै अधिकार तथा सुविधा हुनेछ र त्यस्तो आरोप लागेको र मुछिएको व्यक्तिलाई तारेखमा राख्ने वा धरौट वा जमानी लिई तारेखमा छोड्ने वा धरौट राख्न वा जमानी दिन नसकेमा थुनामा राख्ने बारे अदालतलाई भए सरहको सबै अधिकार उक्त अधिकृतलाई हुनेछ।

तर–

तारेख वा धरौट वा जमानीमा छाडेको व्यक्ति भागी जाने संभावना भएमा वा सबूद प्रमाणको संकलनमा हस्तक्षेप गर्ने संभावना भएमा छानविन अधिकृतले निजको तारेख, जमानी वा धरौट रद्द गरी निजलाई पुनः हिरासतमा राख्न सक्नेछ।

(२) उप-नियम (१) बमोजिम छानविन अधिकृतले प्रहरी र अदालतलाई भए सरहको अधिकार प्रयोग गरी कारवाई गर्दा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि छानविन अधिकृतले अवस्था र आवश्यकतानुसार आफ्नो स्वविवेकबाट सम्बन्धित व्यक्तिलाई इन्साफबाट वञ्चित नहुने गरी उपयुक्त छोटो कार्यविधि अपनाउन सक्नेछ।

(३) संवैधानिक अंग वा कानूनी निकायको पदाधिकारी उपर यस नियमअन्तर्गत अनुसन्धानको कारवाई गरिएकोमा, हिरासतमा राखिएकोमा वा खान तलासी लिइएकोमा सो व्यहोरा आयोगले श्री ५ का हजूरमा जाहेर गर्नु पर्नेछ र अरू अख्तियार प्राप्त व्यक्तिको हकमा छानविन अधिकृतले मुख्य सचिवलाई सूचना दिनु पर्नेछ।

३०. गिरफ्तार गरिएको व्यक्तिलाई उपस्थित गराउनु पर्ने: (१) नियम ३ को खण्ड (ख), (ग) र (ङ) बमोजिम अख्तियार दुरूपयोगमा गिरफ्तार गरिएको व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र आयोग वा यस सम्बन्धमा आयोगले व्यवस्था गरेको आयुक्त वा पदाधिकारीसमक्ष उपस्थित गराउनुपर्छ र निजलाई आयोग वा त्यस्तो आयुक्त वा पदाधिकारीको अनुमतिबाट एक पटकमा साठी दिनमा नबढाई र मुनासिब कारण देखिएमा बढीमा ६ महीनासम्म अनुसन्धान मौका तहकीकात वा अन्य सबूद प्रमाण संकलनको काममा हिरासतमा राख्न सकिनेछ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिए तापनि लाग्ने विगो वा हुने सजाय बापत नगद धरौट राखेमा वा धन जमानी दिएमा थुनामा राख्न नपर्ने देखिएमा त्यस्तो धरौटी नराखेसम्म वा धन जमानी नदिएसम्म थुनामा राख्ने अधिकार आयोगलाई हुनेछ।

३१. निलम्बित हुने: नियम २९ अन्तर्गत अनुसन्धान वा मौका तहकीकात वा सबूद प्रमाणको संकलनको सिलसिलामा हिरासतमा रहेको संवैधानिक अंग र कानूनी निकायको पदाधिकारी बाहेक अरू अख्तियार प्राप्त व्यक्ति हिरासतमा रहेको अवधिभर स्वतः निलम्बित भएको मानिनेछ।

३२. अधिकार प्रयोग गर्न सक्ने: छानविन अधिकृत जुनवेला जहाँ पुगेको हुन्छ त्यसवेला निजले नियम ३३ बमोजिम आफूले पाएको अधिकार वा त्यहाँको प्रहरी अधिकृत कर्मचारीको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकार अनुसन्धान, मौका तहकीकात वा अन्य सबूद प्रमाणको संकलन गर्दा यो नियमावलीको अधीनमा रही प्रयोग गर्न सक्नेछ ।

३३. छानविन अधिकृतको आदेश : यस नियमावलीअन्तर्गत अनुसन्धान, मौका तहकिकात वा अन्य सबूद प्रमाणको संकलनको काममा छानविन अधिकृतले दिएको आदेश नेपाल प्रहरीको लागि आफ्नो तालुकवाला प्रहरी अधिकृतको आदेश सरह हुनेछ ।

३४. बाधा विरोध गर्ने व्यक्तिलाई सजाय : कुनै व्यक्तिले यस परिच्छेदबमोजिम गरिएको अनुसन्धान, मौका तहकीकात वा सबूद प्रमाणको संकलनको काममा बाधा विरोध गरेमा छानविन अधिकृतले निजलाई एक वर्षसम्म कैद वा एक हजार रूपैयाँसम्म जरीवाना वा सजाय गर्न सक्नेछ र त्यस्तो सजायको आदेश उपर पैंतीस दिनभित्र आयोगमा पुनरावेदन लाग्न सक्नेछ र आयोगबाट यस विषयमा भएको निर्णय अन्तिम हुनेछ ।

३५. छानविन अधिकृतलाई सहयोग दिने : यस परिच्छेदबमोजिम गरिएको अनुसन्धान, मौका तहकीकात वा सबूद प्रमाणका संकलनको सम्बन्धमा छानविन अधिकृतले कुनै सरकारी वा सार्वजनिक कार्यालयका व्यक्ति वा कर्मचारी वा स्थानीय पञ्चायत वा वर्गीय संगठनका पदाधिकारी वा सदस्यसँग सहयोग मागेमा त्यस्तो सहयोग दिनु उक्त कार्यालय वा व्यक्ति वा कर्मचारी वा पदाधिकारी वा सदस्यको कर्तव्य हुनेछ ।

## परिच्छेद–७
## मुद्दाको कारवाई

३६. मुद्दाको कारवाई गर्ने : अख्तियार प्राप्त व्यक्तिले नियम ३ को खण्ड (ख) वा (ग) बमोजिम अख्तियार दुरूपयोग गरेमा वा नियम ३ को खण्ड (ङ) बमोजिम अख्तियारको दुरूपयोग नियम ८ अनुसार संवैधानिक अंग, कानूनी निकाय, सरकारी वा सार्वजनिक कार्यालय वा संगठित संस्थाको कुनै ओहदामा रहेको अख्तियार प्राप्त व्यक्तिले वा कुनै बखत त्यस्तो ओहदामा अख्तियार प्राप्त व्यक्ति भई रहिसकेको व्यक्तिले सो ओहदामा छँदा गरेमा वा गरेकोमा त्यस्तो अख्तियार प्राप्त व्यक्ति उपर छानविन अधिकृतले नियम ३७ बमोजिम दायर गरेको मुद्दामा आयोगले कारवाई गर्न सक्नेछ ।

तर आयोगले मुद्दाको अभियुक्तलाई आफ्नो सफाई दिन पाउने उचित मौकाबाट बञ्चित गर्ने छैन ।

३७. नालेश सरहको प्रतिवेदन र हदम्याद : (१) अनुसन्धान, मौका तहकीकात, सरजमिन वा अन्य सबूद प्रमाणबाट अख्तियार प्राप्त व्यक्तिले नियम ३ को खण्ड (ख), (ग) र (ङ) बमोजिम अख्तियार दुरूपयोग गरेको देखिएमा छानविन अधिकृतले आयोगमा सबै सबूद प्रमाण खोली नालेश सरहको प्रतिवेदन गर्नेछ र अख्तियार दुरूपयोग गरेको नदेखिएमा सोही कुरा खोली मुद्दा नचलाउने प्रतिवेदन पेश गर्नेछ ।

(२) उप-नियम (१) बमोजिमको प्रतिवेदन परेपछि आयोगले सो प्रतिवेदन उपर विचार गरी मुद्दा चल्न सक्ने वा नसक्ने ठहर गर्नेछ र यसरी मुद्दा चल्न सक्ने ठहर गर्दा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोगले पुनः तहकीकात गर्न वा थप सबूद प्रमाण संकलन गर्न छानविन अधिकृतलाई आदेश दिन सक्नेछ ।

तर संवैधानिक अङ्ग वा कानूनी निकायका पदाधिकारी उपर मुद्दा चल्न सक्ने देखिनेमा त्यस्तो ठहर गर्नुभन्दा अगावै आयोगले सो कुरा श्री ५ का हजूरमा जाहेर गर्नेछ र अरूका हकमा मुद्दा चलेको बेहोरा जनाई मुख्य सचिवलाई सूचना गर्नु पर्नेछ ।

(३) यस नियमबमोजिम छानविन अधिकृतले नियम ३ को खण्ड (ख), (ग) र (ङ) बमोजिम अख्तियार दुरूपयोग गरेकोमा आयोगमा नालेश सरहको प्रतिवेदन गर्दा प्रचलित कानूनमा नालिश गर्नलाई ६ महीनाभन्दा बढी हदम्यादको व्यवस्था भएकोमा सोही हदम्यादभित्र र ६ महीनाभन्दा घटी हदम्यादको व्यवस्था भएकोमा मुद्दा दायर गर्नुपर्ने कारण परेको वा अपराध भएको ६ महीनाभित्र र हदम्यादको व्यवस्थानै नभएको जतिमा छानविनको कारवाई प्रारम्भ गरेको मितिले छानविन अधिकृतले ६ महीनाभित्र आयोगमा नालेश सरहको प्रतिवेदन दायर गरिसक्नु पर्दछ ।

(४) उप-नियम (३) बमोजिमको हदम्यादले नभ्याउने भई मुनासिव कारण दर्शाई छानविन अधिकृतले हदम्याद थप मागेमा बढीमा ६० दिनसम्म आयोगले हदम्याद थप गर्न सक्नेछ ।

३८. आयोगको अधिकार : (१) यस नियमावलीबमोजिम आयोगले मुद्दाको कारवाई र किनारा गर्दा आयोगलाई यस नियमावलीमा व्यवस्था गरिएका कार्यविधिका अतिरिक्त आयोगले आवश्यकतानुसार विशेष अदालत ऐन, २०३१ बमोजिम गठित अदालतलाई भए सरहको सबै कार्यविधिसम्बन्धी अधिकार प्रयोग गर्न सक्नेछ ।

(२) प्रमुख आयुक्त मात्र भएको आयोगबाट मुद्दा वा अन्य कारवाई किनारा हुँदा प्रमुख आयुक्तबाट कारवाई र किनारा हुनेछ ।

(३) प्रमुख आयुक्त र अन्य आयुक्तहरू समेत भएको आयोगबाट मुद्दा वा अन्य कारवाई हेरिएकोमा त्यस्तो कुरा किनारा गर्दा बहुमतको निर्णय मान्य हुनेछ ।

तर मुद्दाको कारवाईका लागि प्रमुख आयुक्तको उपस्थिति अनिवार्य हुने छैन ।

(४) उप-नियम (३) बमोजिम बहुमत कायम नभई आयुक्तहरूको भिन्दाभिन्दै राय भएमा प्रमुख आयुक्तको रायनै आयोगको निर्णय मानिनेछ ।

३९. श्री ५ को सरकार वादी हुने : (१) यस नियमावलीअन्तर्गतको अख्तियारको दुरूपयोग-सम्बन्धी मुद्दामा श्री ५ को सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को अनुसूची–१ मा समावेश भएको मानिनेछ ।

(२) सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावलीअन्तर्गतको मुद्दाको अनुसन्धान, तहकीकात वा सबूद प्रमाणको सङ्कलन छानविन अधिकृतले गरी निजैको नामबाट दायर गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस नियमावलीअन्तर्गतको मुद्दाको अनुसन्धान, तहकीकात, प्रमाण सङ्कलन र दायर गर्दा छानविन अधिकृतले सरकारी वकीलको राय सल्लाह र सहयोग लिन सक्नेछ र यसरी राय मागिएकोमा छानविन अधिकृतलाई राय सल्लाह दिन र सहयोग गर्नु सम्बन्धित सरकारी वकीलको कर्तव्य हुनेछ ।

(४) यस नियमावलीअन्तर्गत दायर भएका मुद्दामा आवश्यकतानुसार महान्यायाधिवक्ता वा अन्य सरकारी वकीलद्वारा बहस पैरवी हुनेछ ।

(५) पुनरावेदन सुन्ने अदालतले आयोगको ठहर उल्टी वा केही उल्टी गर्नुपर्ने संभावना वा कारण देखेमा सो स्पष्ट खुलाई छलफललाई उपस्थित हुन सम्बन्धित सरकारी वकील-लाई मुनासिव म्याद दिई सूचना गर्नु पर्नेछ ।

४०. स्वतः निलम्बित रहने : संवैधानिक अङ्ग वा कानूनी निकायको पदाधिकारी बाहेक कुनै सेवा वा पदमा रहेको अख्तियार प्राप्त व्यक्ति उपर नियम ३७ बमोजिम मुद्दा चल्न सक्ने ठहर हुनासाथ निज तत्काल निलम्बित रहेको छैन भने स्वतः निलम्बित हुनेछ ।

४१. विभागीय सजायमा असर नपर्ने : अख्तियार प्राप्त व्यक्ति उपर नियम ३ को खण्ड (ख), (ग) र (ङ) बमोजिम अख्तियार दुरूपयोगको मुद्दा चलाइएकोमा पुनरावेदन सुन्ने अदालत-बाट सफाई पाए पनि निजलाई भएको विभागीय कारवाई वा नियम १८ को उप-नियम (२) बमोजिम श्री ५ का हजूरमा जाहेर भई संवैधानिक वा कानूनी निकायका पदाधिकारीको सेवाको शर्तबमोजिम भएको कारवाईबाट निजलाई पदबाट हटाई सकिएको रहेछ भने सो कुरामा सम्म सो फैसलाले कुनै प्रतिकूल असर पारेको मानिने छैन ।

४२. सजाय गर्ने : नियम ३७ बमोजिम मुद्दा चली कारवाई गरिएको अख्तियार दुरूपयोग-सम्बन्धी मुद्दाको अभियुक्त उपर लागेको अभियोग प्रमाणित भएमा आयोगले निजलाई प्रचलित कानूनबमोजिम सजाय गर्नेछ ।

४३. पुनरावेदन सुन्ने अदालत : नियम ३ को खण्ड (ख), (ग) र (ङ) बमोजिम अख्तियार दुरूपयोगमा मुद्दा चली आयोगबाट भएको निर्णय उपर आयोगको निर्णय सुनेको वा त्यसको सूचना पाएको पैंतीस दिनभित्र नेपालको संविधानको धारा ६७ घ. को उपधारा (२) बमोजिम गठित पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन लाग्नेछ र सो अदालतको निर्णय अन्तिम हुनेछ ।

४४. पुनरावेदन सुन्ने अदालतको कर्तव्य तथा अधिकार : (१) यो नियमावलीको अधीनमा रही पुनरावेदन सुन्ने अदालतलाई देहायको अधिकार हुनेछ:–

(क) मुद्दामा मुख्य ठहऱ्याउनु पर्ने विषय खुलाई मनासिव माफिकको समय तोकी मुद्दाको लगत कायमै राखी सो विषयमा कारवाई र किनारा गर्नेको लागि आयोगमा पठाई दिने,

(ख) आयोगको ठहर सदर, उल्टी वा केही उल्टी गर्ने, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) आफैले बढी सबूद बुझ्ने वा आयोगबाट बुझ्न लगाउने ।

तर–

(क) पुनरावेदन सुन्ने अदालतले गवाह वा अन्य व्यक्तिको नाममा म्याद पठाउँदा बाटोको म्याद बाहेक तीन दिनको म्याद पठाउनेछ ।

(ख) तारेख गुज्रेकोमा दुई पटक गरी जम्मा सात दिनभन्दा बढीको तारेख थाम्न सक्ने छैन ।

(२) पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन दर्ता भएको मितिले साधारणत: तीन महीनाभित्र आफूछेउ दर्ता भएको पुनरावेदनको किनारा गरिसक्नु पर्नेछ ।

४५. अवहेलनामा कारवाई चलाउने : आयोग र पुनरावेदन सुन्ने अदालतले आफ्नो अवहेलनामा कारवाई चलाउन सक्नेछ र अवहेलना गरेको ठहरिएमा आयोग वा पुनरावेदन सुन्ने अदालतले तीन हजार रूपैयाँसम्म जरीवाना वा नौ महीनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ । आयोग वा पुनरावेदन सुन्ने अदालतले गरेको सजायको आदेश उपर पुनरावेदन लाग्ने छैन ।

तर आयोग वा पुनरावेदन सुन्ने अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा आयोग वा पुनरावेदन सुन्ने अदालतले निजलाई क्षमा गर्न वा सजाय तोकिसकेको भए सो सजाय नगर्न वा घटाउन सक्नेछ ।

४६. अरू प्रचलित कानूनबमोजिम मुद्दा चल्ने : यस परिच्छेदमा लेखिएका कुनै कुराले कुनै व्यक्ति माथि अरू प्रचलित कानूनबमोजिम अन्य अदालत वा अड्डामा कसैले मुद्दा चलाउन पाउने अधिकारमा बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद–८

## विविध

४७. मुद्दाको कारवाई खुला इजलासमा हुने : छानविन अधिकृतले आयोगमा दायर गरेको मुद्दामा आयोगले मुद्दा चल्न सक्ने भनी ठहऱ्याएपछि मुद्दाको कारवाई र किनारा गर्दा आयोगले वा पुनरावेदन सुन्ने अदालतले खुला इजलासमा गर्नेछ ।

तर आवश्यक देखेमा आयोग वा पुनरावेदन सुन्ने अदालतले सम्बन्धित अभियुक्त, निजको कानूनी व्यवसायी र मुद्दामा सरोकार व्यक्ति बाहेक अन्य व्यक्तिको प्रवेश निषेध गर्न सक्नेछ ।

४८. पुरस्कार : नियम ३ को खण्ड (ख) वा (ग) बमोजिम अख्तियार दुरूपयोग गरेको पत्ता लगाई जाहेर गरी तत्सम्बन्धी अनुसन्धान, मौका तह किकात वा अन्य सबूद प्रमाणको सङ्कलनमा सहयोग पुऱ्याउने व्यक्तिलाई त्यस्तो अख्तियार दुरूपयोगको आरोप बिगोसंग सम्बन्धित रहेछ भने यो नियमावलीबमोजिम तत्सम्बन्धी उजूरीको अन्तिम किनारा भएपछि बढीमा असूल भएको बिगोको सयकडा पन्ध्रसम्म आयोगले पुरस्कारको रूपमा दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९. छानविन तथा अनुसन्धानको कारवाई र मुद्दा नसर्ने : यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुनुभन्दा तत्काल अघिसम्म नियम ३ बमोजिमको अख्तियार दुरूपयोगसम्बन्धी विषयमा विभिन्न कार्यालय वा अदालतमा चलिरहेको छानविन र अनुसन्धानको कारवाई, मुद्दा र पुनरावेदनहरू नियम ११ को उप-नियम (३) बमोजिम आयोगले अधिकार प्रयोग गरेमा बाहेक तत् तत् कार्यालय वा अदालतबाटै तत्काल प्रचलित कानूनबमोजिम कारवाई र किनारा हुनेछ ।

५०. ठेक्का, अनुज्ञापत्र नदिन वा स्थगित गर्न प्रतिवेदन गर्ने : अख्तियार दुरूपयोगको सिलसिलामा छानविन अधिकृतले अनुसन्धान, मौका तहकीकात वा सबूद प्रमाण सङ्कलन गर्दा अवस्थामा आयोगले अनुसन्धानसंग सम्बन्धित ठेक्का वा अनुज्ञापत्र स्थगित गर्न र अख्तियारको दुरूपयोगको कारवाईबाट फाइदा उठाई ठेक्का वा अनुज्ञापत्र पाउने कुनै पनि व्यक्तिलाई केही खास अवधिको लागि वा सधैंको लागि कुनै सरकारी, ठेक्का वा अनुज्ञापत्र नदिन न्यायोचित देखेमा त्यसको लागि श्री ५ को सरकारसमक्ष सिफारिश गर्न सक्नेछ ।

५१. झुट्ठा उजूर गर्नेलाई सजाय : कसैले उजूर गर्नुपर्ने मनासिव कारण नभई रिस इबीले वा चरित्रहत्या वा अपमान गर्ने नियतले आयोगमा कसै उपर झुट्ठा उजूर गरेमा निजलाई एक वर्षसम्म कैद वा एक हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय आयोगले गर्न सक्नेछ । यस्तो सजायको आदेश उपर सो आदेश सुनेको वा त्यसको सूचना पाएको पैंतीस दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन लाग्नेछ ।

५२. अन्य अधिकारीले कारवाई गर्न बाधा नपर्ने : कुनै पदाधिकारी वा अधिकारीले आफ्नो मातहतका अख्तियार प्राप्त व्यक्तिले अख्तियार दुरूपयोग गरेको देखेमा, सो पदाधिकारी वा अधिकारीले त्यस्तो व्यक्ति उपर निजको सेवा शर्तसम्बन्धी कानून वा अन्य प्रचलित कानूनबमोजिम आफूले गर्नुपर्ने आवश्यक कारवाई गर्न यस नियमावलीमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

तर यस नियमावलीबमोजिम आयोगले अधिकार प्रयोग गरी कारवाई गरेको अवस्थामा मात्र सो हदसम्म आयोगकै अधिकार क्षेत्र कायम हुनेछ ।

५३. बयान लिने : आयोगले उपयुक्त देखेमा अख्तियार दुरूपयोग गर्ने अख्तियार प्राप्त व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई वा त्यस्तो व्यक्तिको कार्यालय वा निवासस्थानमा गई बयान लिन सक्नेछ ।

५४. अख्तियार प्राप्त व्यक्तिका अतिरिक्त अन्य व्यक्ति उपर कारवाई हुने : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावलीअन्तर्गतको अख्तियार प्राप्त व्यक्तिले नियम ३ को खण्ड (ख), (ग) र (ङ) बमोजिम गरेको अख्तियार दुरूपयोगसम्बन्धी अनुसन्धान, मौका तहकीकात वा सबूद प्रमाणको सङ्कलन गर्दा अख्तियार प्राप्त व्यक्तिका अतिरिक्त अन्य सरकारी वा गैर सरकारी व्यक्ति पनि मुछिएको रहेछ भने त्यस्ता व्यक्तिको सम्बन्धमा समेत यसै नियमावलीबमोजिम कारवाई तथा किनारा गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५५. सवाल जवाफ नगरिने : छानविन अधिकृत वा आयोग वा पुनरावेदन सुन्ने अदालतले यस नियमावलीबमोजिम गरेको काम कारवाई तथा निर्णय उपर कुनै अदालतमा सवाल जवाफ गरिने छैन ।

५६. गोप्य राख्नु पर्ने : आयोगका कर्मचारीहरूले आयोगबाट भए गरेको काम गोप्य राख्नु पर्नेछ र सम्बन्धित अधिकृत बाहेक अरूलाई प्रकट गर्नु हुँदैन ।

५७. असल नियतले गरेकोमा कारवाई नहुने : आयोगका कर्मचारीले यो नियमावलीले दिएको अधिकारको प्रयोग र कर्तव्यको पालन गर्दा वा सो नियमावलीले अधिकार दिएको भन्ने सम्झी असल नियतले कुनै काम गरेकोमा निज उपर त्यस्तोमा कुनै कारवाई गरिने छैन ।

५८. आयोगले कार्यविधि व्यवस्थित गर्न सक्ने : आयोगले आफ्नो आन्तरिक कार्यविधि आफैंले व्यवस्थित गर्न सक्नेछ । तर आयोगको कामको बाँडफाँड यस नियमावलीले व्यवस्थित गरेकोमा बाहेक अन्य विषयमा प्रमुख आयुक्तले लिखित आदेशद्वारा तोकेबमोजिम हुनेछ ।

५९. वार्षिक प्रतिवेदन : (१) आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ का हजूरमा चढाउनेछ ।

(२) वार्षिक प्रतिवेदनमा आयोगले काम गर्दा देखेको समस्या तथा त्यसको समाधानको निमित्त सकारात्मक ठोस सुझाव समेत उल्लेख गरी दर्शाउनु पर्नेछ ।

(३) यस नियमावलीमा वार्षिक प्रतिवेदनमा उल्लेख गर्ने वा दर्शाउने भनिएका कुराका अतिरिक्त आयोगले उचित सम्झेका सम्वद्ध कुराहरू प्रतिवेदनमा दर्शाउन सक्नेछ ।

६०. विनियम बनाउने अधिकार : यो नियमावलीको उद्देश्य कार्यान्वित गर्न आयोगले विनियम-हरू बनाउन सक्नेछ र त्यस्तो विनियमहरू श्री ५ बाट स्वीकृत बक्सेपछि लागू हुनेछन् ।

६१. नियमावलीको व्याख्या : आयोगले निर्णय गरेको मुद्दामा पुनरावेदन सुन्ने अदालतले पुनरावेदन हेर्न पाउने विषयका सम्बन्धमा पुनरावेदन सुन्ने अदालतलाई र अरूमा यस नियमावलीको व्याख्या गर्ने अधिकार आयोगलाई मात्र हुनेछ ।

६२. यो नियमावलीबमोजिम हुने : अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिए तापनि यो नियमावली र यस नियमावलीअन्तर्गत बनेको विनियमहरूमा लेखिएको जति कुरामा सोही-बमोजिम र अरूमा प्रचलित कानूनबमोजिम हुनेछ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।